## मिति २०७७।०२।२७ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिका निर्णयहरु :

१) विश्वव्यापी रुपमा फैलिएको COVID-19 महामारीले नेपालमा समेत प्रभाव परेको छ । यसबाट सप्तरी जिल्लामा पनि दिन प्रतिदिन कोरोना पोजेटिभको संख्या १०६ पुगिसकेको छ । यस सन्दर्भमा गजेन्द्र नारायण सिंह अंचल अस्पताल र स्वास्थ्य कार्यालयका प्रमुखज्यूबाट प्रस्तुत गरिएको जिल्लाको वस्तुस्थितिको बारेमा बैठकमा जानकारी भयो ।

२) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७७।०२।२० मा स्वीकृत भई गजेन्द्र नारायण सिंह अस्पतालमा प्राप्त कोभिड-१९ संक्रमितको आइसोलेसन व्यवस्थापन सम्बन्धि निर्देशिकाको सम्बन्धमा बैठकमा जानकारी भयो । उक्त निर्देशिकामा उल्लेखित विवरण अनुसार आइसोलेसनबाट छुट्ने सम्बन्धमा उल्लेखित प्रक्रिया पुरा गरी आइसोलेसनमा रहेका व्यक्तिहरुलाई तोकिए बमोजिमको शर्तमा होम आइसोलेशनमा पठाउने गरी गजेन्द्र नारायण सिंह अंचल अस्पतालले Discharge गर्ने निर्णय भयो ।

३) अस्पतालबाट Discharge भई घर पठाइएका व्यक्तिहरुको नाम, ठेगाना सहितको विवरण सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने । Discharge भएका व्यक्तिहरुमा कुनै स्वास्थ्य सम्बन्धी समस्या देखिएमा सम्बन्धित स्थानीय तहले अस्पतालसँग सम्पर्क राखी उपचारका लागि पठाउने निर्णय भयो ।

४) आगामी मनसुनलाई ध्यानमा राखी प्रत्येक स्थानीय तहहरुले मनसुन आपतकालिन प्रतिकार्य योजना बनाई अगाडि बढ्ने निर्णय भयो ।

५) प्रत्येक स्थानीय तहहरुले मनसुनको समयमा बाढी आई डुबान हुन सक्ने क्षेत्रहरुको पहिचान गरी उक्त क्षेत्रका बासिन्दाहरुलाई उद्दार गरी राख्न सकिने आश्रयस्थल (Evacuation center) को पहिचान गर्ने, डुबानले असर नपर्ने उच्च स्थलको पहिचान गर्ने बाढीले डुवान हुन सक्ने सम्भावित अवस्थाको बारेमा स्थानीय एफ.एम., पत्रपत्रिका तथा स्वयमसेवक संस्थाहरुबाट जनचेतना जगाउने । सम्भावित जोखिमबाट बच्न नजिकको आश्रयस्थलमा जानको लागि अपिल गर्ने ।

Scanned with CamScanner

६) स्थानीयतहले आ–आफ्नो निकायमा रहेको विपद्को समयमा प्रयोग हुने जे.सि.भी., डोजर, एम्बुलेन्स, दमकल लगायतका अन्य उपकरणहरु समय समयमा परीक्षण गरी चालु अवस्थामा राख्ने । स्थानीय तह लगायत सम्पूर्ण निकायहरुमा रहेका खोज तथा उद्धार सामग्रीहरुको विवरण तीन (३) दिन भित्र जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

७) कुनै पनि स्थानीय तहको वडा लगायत जुनसुकै समुदायमा विपद्का घटना घट्न सक्ने सम्भावना देखिएका वा घटना घटिसकेको अवस्थामा स्थानीय प्रहरीलाई जानकारी गराउने । उक्त अवस्थाको जानकारी जिल्ला प्रशासन कार्यालय लगायत नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई गराई तत्काल उद्धारको व्यवस्था मिलाउने ।

८) आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. २ बाट आगामी मनसुनलाई लक्षित गरी रवर बोट खरिद गर्नका लागि विनियोजन भै आएको रु. ५ (पाँच) लाख नेपाल प्रहरीलाई रबरवोट खरिदका लागि पेश्कीको रुपमा जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने । सो रकमबाट नियमानुसार नेपाल प्रहरीले खरिदका आवश्यक प्रक्रिया पुरा गरी रबरवोट खरिद गर्ने र जिल्ला प्रशासन कार्यालयमा सोको बिल भरपाई पठाई पेश्की फर्छ्यौट गर्ने ।

९) विद्यमान स्वास्थ्य सम्बन्धी प्रोटोकल बमोजिम क्वारेन्टाइनमा १४ (चौध) दिन पूरा गरी RDT जाँचबाट निगेटिभ रिपोर्ट आएकाहरुलाई तोकिएका शर्तहरु पालना गर्ने गराउने गरी थप अवधिका लागि होम क्वारेन्टाइनमा पठाउने गरि हाल भइरहेको COVID-19 संक्रमण रोकथाम, व्यवस्थापन कार्यलाई निरन्तरता दिने ।

१०) होम आइसोलेशन र होम क्वारेन्टाइनमा पठाइएका व्यक्तिहरुले तोकिए बमोजिमको शर्तहरु पालना गर्ने गरे/नगरेको सम्बन्धमा अनुगमन गर्न जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०२।२६ को निर्णयानुसार गठित समितिलाई प्रत्येक स्थानीय तहहरुले प्रभावकारी रुपमा परिचालित गर्दै आवश्यक सहयोग/समन्वय उपलब्ध गराउने ।

Scanned with CamScanner

११) आगामी मनसुन अवधिमा आउन सक्ने बाढी लगायतका विपद्को पूर्व तयारीका लागि स्थानीय तह, विकास निर्माण लगायतकासँग सम्बन्धित सरकारी एवं अन्य कार्यालयहरुले गर्नु/गराउनु पर्ने गरी भएका जिल्ला विपद् व्यवस्थापन समितिका विगतका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

१२) जिल्लामा भएका सरकारी निकाय लगायत UN Agency नेपाल रेडक्रस तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरुले वर्तमान COVID-19 संक्रमण रोकथाम एवं नियन्त्रण तथा आगामी मनसुन अवधिमा आउन सक्ने सम्भावित विपद् समेतका लागि आवश्यक पर्ने सहयोग तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी हालतमा बस्ने।

१३) लामो समय देखिको लकडाउनका कारण जिल्लास्थित उद्योगी, व्यापारी लगायत आम सर्वसाधारण निकै धेरै मारमा परेको र देशका विभिन्न भागहरुमा क्रमश: लकडाउन खुकुलो पारिएको जस्ता कारणहरु दर्शाइ निश्चित स्वास्थ्य सतर्कता एवं मापदण्ड अनुसार यस जिल्लामा पनि उद्योग व्यापार, व्यवसाय संचालन गर्ने अनुमतिका लागि ससरी उद्योग वाणिज्य संघ लगायत सरोकारवालाहरुबाट बारम्बार अनुरोध भई आएको सन्दर्भमा आवश्यक निर्णयका लागि श्री गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

Scanned with CamScanner